# सर्वोत्तम सिमेन्ट लिमिटेड

का.म.न.पा. वडा नं. ३२ तिनकुने, सुविधानगर, काठमाण्डौ, नेपाल
E-mail : info@sarbottamcement.com | Website : sarbottamcement.com

## सातौ वार्षिक साधारण सभा सम्बन्धी सूचना

(दोश्रो पटक प्रकाशित मिति : २०८२/०८/१५)

आदरणीय, शेयरधनीमहानुभावहरु

**सर्वोत्तम सिमेन्ट लिमिटेडको** मिति २०८२ कार्तिक २८ गते बसेको सञ्चालक समितिको २३७ औ बैठकको निर्णयानुसार देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा यस कम्पनीको सातौ वार्षिक साधारण सभा बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध गरिन्छ ।

## वार्षिक साधारण सभा बस्ने मिति, स्थान र समय

**मिति :** २०८२ साल मंसिर २६ गते शुक्रबार (१२ डिसेम्वर २०२५)

**समय :** बिहान ११:०० बजे ।

**स्थान : होटल सिद्धार्थ भिलासा भैरहवा, रुपन्देही ।**

## छलफल गर्ने विषयहरू

**(क) सामान्य प्रस्तावहरू**

१) कम्पनीको सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरिक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाहको विवरण लगायतका वितीय विवरणहरु सहित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

४) कम्पनीमा कायम शेयरधनीहरुलाई आ.व.२०८१/०८२ सम्मको मुनाफा रकम बाट कम्पनीको चुक्ता पुँजीको १५% का दरले हुन आउने रु ७४,६३,२५,०००।- ( अक्षरुपी चौहत्तर करोड त्रिसठ्ठी लाख पच्चिस हजार रुपैंया मात्र) लाभांश कर सहित नगद लाभांश वितरण गर्ने प्रस्ताव छलफल गरी पारित गर्ने सम्बन्धमा ।

५) कम्पनी ऐन, २०६३ को दफा ९३ बमोजिम यस कम्पनीका आधारभुत शेयरधनी वा सञ्चालक सम्बद्ध रहेको संस्थासंग तथा यसै संस्थासंग सम्बद्ध कम्पनीसंग गरेको कारोबार बिबरणलाई अनुमोदन गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

६) विविध ।

**(ख) विशेष प्रस्तावहरू**

१) सञ्चालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई आ.व. २०८१।८२ सम्मको मुनाफा रकमबाट कम्पनीको चुक्ता पुँजी रु ४,९७,५५,००,०००।- को ५% का दरले हुन आउने रु २४,८७,७५,०००।-(अक्षरुपी चौविस करोड सतासी लाख पचहत्तर हजार रुपैंया मात्र) बराबरको बोनश शेयर वितरण गर्न छलफल गरी पारित गर्ने । उक्त बोनश शेयर वितरण गर्दा, हुन आउने खण्डित शेयरलाई पछि समायोजन गर्ने गरी हाल यथावत राख्ने सम्बन्धमा ।

२) सञ्चालकहरुलाई मासिक पारिश्रमिक, बैठक भत्ता तथा उप समिति बैठक भत्ता सम्बन्धमा ।

३) प्रस्तावीत बोनश शेयर वितरण गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित भए पश्चात कम्पनीको जारी तथा चुक्ता पुँजीमा प्रभाव परी पुँजी बृद्धि हुने भएकोले सोही बमोजिम प्रबन्धपत्रमा संशोधन पारित गर्ने सम्बन्धमा ।

४) कम्पनीको प्रबन्धपत्र र नियमावलीमा भएको संशोधनमा सम्बन्धित निकायबाट कुनै संशोधन फेरबदल वा थपघट गर्न कुनै सुझाव निर्देशन प्राप्त भएमा सोही बमोजिम आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

५) विविध ।

संचालक समितिको आज्ञाले
**कम्पनी सचिव**